# अदुवा खेति प्रविधिः



– वशिष्ठ आचार्य
प्राविधिक अधिकृत
राष्ट्रिय अदुवावाली अनुसन्धान कार्यक्रम
कपुरकोट, सल्यान

जे.टि.एः (एक्लै गुनगुनाउदै) होईन आज त वुढी आमा पनि कता जानुभएछ खै, घरमा कोहि हुनुहुदोरहेनछ कि क्याहो............

वुढिः ए नमस्कार है, जे.टि.ए वावु, म त को हुनुहुदोरहेछ भनेको त आफ्नै जे.टि.ए वावु पो हुनुहुदोरहेछ ।

जे.टि.एः नमस्कार, नमस्कार, आमा कता जानुभएछ भनेको त, वारीमा पो हुनुहुदोरहेछ ! हैन आमा वारी तिर के गर्दै हुनुहुन्छ ?

वुढिः के गर्नु नि वावु अदुवा लगाएर सकियो त्यहि वारी तिर हेर्दै थिए कतै छापोहरु उडाएको छ कि भनेर ।

जे.टि.एः ए, आमाले समयमै अदुवा लगाएर सक्नु भएछ नि ।

वुढि आमाः लगाएर त सकियो वावु, खोई कस्तो हुने हो, रोग लाग्यो भने त वित्यासै पार्छ ।

जे.टि.एः राम्रो हुन्छ होला नी आमा वरु कस्तो जमिनमा लगाउनु भयो कुन्नी, पानी त जम्दैन नि, अनि कति वर्ष अदुवा नलगाएको जमीन हो ?

वुढि आमाः पानी त जम्दैन होला वावु अलिअलि भिरालो नै छ, अनि अदुवा नलगाएको पनि त्यस्तै तिन वर्ष जति भएको थियो होला ।

जे.टि.एः ए आमाले धेरै राम्रो गर्नु भएछ । आमालाई त धेरै कुरा थाहा पनि रहेछ । अदुवालाई तिन वर्षे वाली चक्र अपनाउदा रोग पनि व्यवस्थापन हुने र उत्पादन पनि राम्रो हुने गर्छ वरु यो भन्दा अगाडि कुन वाली लगाउनु भएको थियो कुन्नी कोदो लगाएको जमिन भए अझ राम्रो हुने थियो ।

वुढि आमाः हो, वावु अस्तिनै तालिम दिदां हजुरहरुले अदुवा खेति गर्ने तरिकाको वारेमा सिकाएकोले केहि जानेको । कोदो लगाएको जमिन त होईन अव अर्को पटक चाहिँ त्यसै गरौला नि ।

जे.टि.एः अदुवा लगाउनु अगाडि विउ उपचार गर्नु भयो कि नाई आमाले ?

वुढि आमाः हो वावु गरेको, छोराले त्यहि हजुरले तालिममा दिनुभएको कितावमा हेरेर उपचार गरेको हो, कस्तो गर्यो कुन्नी । अनि जमिनमा के के मिसाउनु पर्ने थियो कुन्नी वावु लगाउने समयमा गोठेमल त हालेको कति राख्नु पर्ने हो, विर्सिएछ ?

जे.टि.एः विउ उपचार गर्दा अदुवालाई ईन्डोफिल एम –४५ प्रति लि. पानीमा २.५ ग्राम र वेभिष्टिन १ ग्रामका दरले मिसाई वनाएको घोलमा गानोलाई १ घण्टा डुवाई छहारीमा सुकाएर मात्र प्रयोग गर्नु पर्छ , आमा । अदुवा लाई हुर्कन वढ्न विभिन्न खाधतत्वहरु चहिन्छ त्यसलाई हामीले प्राङ्गारीक तथा रासायनिक मलको माध्ययम वाट उपलव्ध गराउने गर्छौ । जमिन तयारी गर्दा गोठे मल प्रति रोपनी ५०– ६० डोका राख्ने त्यसै गरि लगाउने वेलामा डि.ए.पी. ५ के.जी र पोटास २ के.जी राख्नु पर्दछ ।

वुढि आमाः ए होर वावु गोठे मल चाहिँ हालियो तर रासायनिक मल चाहि चाहिदैन होला भनेर नराखेको, अनि त्यो युरीया चाहि नचाहिदो रहेछ होईन वावु ? अरु पनि केहि चाहिने थियो कि ?

जे.टि.एः सुन्नहोस् आमा, अदुवा खन्चुवा वाली भएकाले मलखादको यथेष्ट प्रयोग गर्न आवश्यक हुन्छ, प्राङ्गारीक मलमा विभिन्न खाधतत्वहरु पाईने भएतापनि थोरै मात्रामा हुने हुदा रासायनिक मलको माध्ययम वाट थप पूर्ति गर्नु पर्ने हुन्छ । युरीया मल चाहि उडेर र अन्य तरिकावाट नोक्सान हुने हुदाँ आवश्यक परेको अवस्थामा मात्र प्रयोग गर्नु पर्छ यसलाई ३ के.जि. उम्रेको १ महिनामा र ३ के.जी उम्रेको २ महिनामा गरि प्रति रोपनी ६ के.जीका दरले प्रयोग गर्नु पर्छ र पोटास पनि प्रति रोपनि अरु २ केजी का दरले उम्रेको २ महिनामा प्रयोग गर्नु पर्छ । यसवाहेक तोरीको पिना पनि प्रति रोपनी १०० के.जी का दरले प्रयोग गर्दा रोग न्युनिकरण हुनुका साथै उत्पादन पनि राम्रो हुन्छ ।

वुढि आमाः त्यसो भए अरु वाकिँ मल चाहि प्रयोग गर्न सकिने भयो अनि अरु पनि के के राख्नु पर्ने हो कुन्नी मलाई त केहि थाहा भएन वावु ।

जे.टि.एः म भनिहाल्छु नि आमा अदुवा रोप्ने सियोमा टिमुरको धुलो ३ के.जी प्रति रोपनीका दरले प्रयोग गर्दा रोग न्युनिकरण हुन्छ । अनि कसरी लगाउनु भयो दुरी कायम गर्नु भयो कि नाई ।

वुढि आमाः होर वावु टिमुर त हालिएन नि, अनि लगाउन पनि आफ्नै हिसावले लगाईयो, वरु वावुले लगाउने तरिकाको वारेमा जानकारी दिए राम्रो हुन्थ्यो ।

जे.टि.एः सुन्नुहोस आमा, २५ से.मी जति जमिन उठाई करिव १.४ मि चौडा ड्याङ्गको दुवै छेउवाट २५ से.मी जति छोडि लाईन देखि लाईन र वोट देखि वोटको दुरी ३० से.मी कायम गरि अदुवा लगाउदा राम्रो हुन्छ, यसरी एउटा ड्याङ्गमा ४ लाईन सम्म अदुवा लगाउन सकिन्छ । अनि छापो त राख्नु भएको रहेछ, अदुवा रोपिसक्ना साथ प्रयोग गर्नु भएको होला नि हई आमा ।

वुढि आमाः हो वावु अदुवा लगाउना साथ छापो राख्नु पर्छ भन्छन त्यसैले हामीले त त्यति नै वेला राखेको । अनि अव के के गर्नु पर्छ कुन्नी वरु वावु आएको वेलामा केहि सल्लाह दिनुभए राम्रे हुने थियो............

जे.टि.एः हो आमा माटोको चिस्यान वचाई राख्न, तापकम कायम राख्न, भारपातको नियन्त्रण गर्न, भु क्षयः वाट वचाउनु का साथै माटोमा प्राङ्गारीक तत्वको मात्रा वढाउनका लागि पनि छापोको महत्व हुने गर्दछ । छापोको प्रयोगले झारपात केहि हदसम्म नियन्त्रण हुने भएता पनि अदुवा लगाएको २– ३ महिना पछि

झारको प्रकोप हेरी २– ३ पटक सम्म उखेल्नु पर्दछ । पछि आएको झारको तुलनामा अगाडिकोले वढि असर गर्ने हुदाँ उचित समयमानै झारपातको व्यवस्था गर्नु पर्छ ।

वुढि आमाः अनि सिचाईको आवश्यता पर्छ कि नाई कुन्नी वावु.................

जे.टि.एः अदुवालाई १३०० १५०० मि.मि. पानीको आवश्यकता पर्दछ, यदि माटोमा चिस्यानको मात्रा कम छ भने सिचाई दिनु जरुरी हुन्छ । अदुवालाई सामान्य तया सिचाईको आवश्यकता नपर्ने भएता पनि जेष्ठ आषाढमा २० दिन भन्दा लामो खडेरी प–यो भने वा आश्विन कार्तिक महिनामा पानी परेन भने १५ दिनको फरकमा सिचाँई दिनु पर्ने हुन्छ । अदुवाले पानी जमेको सहन नसक्ने हुदाँ पानीको निकासको उपयुक्त व्यवस्था मिलाउनु पर्छ । अनि वुर्नि त निकाल्नुहुन्छ होला नि ?

वुढि आमाः अनि वावु, यो वुर्नि भनेको चाहिँ के हो रे ! हामीले त निकाल्दैनौ, किन निकाल्नु पर्छ र यो ?

जे.टि.एः सुन्नुहोस् आमा, ब्रुनी वा माउ निकाल्ने भनेको लगाएको अदुवावाली तयार नहुँदै लगाएको वीउ गानो बिरुवा स्थापित भै सकेपछि बिरुवाबाट बिस्तारै अलग गरी माटोबाट बाहीर निकाल्ने प्रबिधी हो । अदुवाको कूल खर्चको ५० देखि ६०% खर्च वीउमा मात्र हुने भएको हुँदा बाली नपाक्दै ब्रुनी निकाली खेती गर्दा आंशिक खर्च बाली तैयार नहुँदै पाउन सकिने भएकाले किसानलाई फाईदा हुन्छ । यसरी ब्रुनी निकाल्दा लगाएको वीउको ९०% सम्म निकाल्न सकिन्छ र उत्पादनमा पनि कुनै असर पर्दैन ।

वुढि आमाः ए वावु, यो त राम्रो रहेछ नि, वरु यसको प्रविधि पनि वताईदिनुभए राम्रो हुन्थ्यो ।

ब्रुनी निकाल्ने कार्य साउन देखि भाद्र १५ सम्म गरी सक्नु पर्छ । वुर्नि निकाल्नको लागि अदुवा लगाउदा वीउ गानो सामान्यतया ६० ग्राम भन्दा ठूलो लगाउनु पर्छ र प्रत्येक ४ लाईन अदुवा लगाएपछि अनिबार्यरुपमा ४०/५० से.मी. खालीठाउं छोड्न् पर्छ । त्यसैगरि लगाउंदा वीउ गानोको टुसा वा सम्भावित टुसाउने भाग एकै तिर फर्काएर र घोप्टो गरी लगाउन पर्दछ । प्रत्येक ४ लाईन को बिच छोडिएको खालीठाउंबाट दुबैतिरको २/२ लाईको ब्रुनी घाम लागेको समयमा निकाल्न पर्छ । यसरी वुर्नि निकाल्दा छापो तथा माटो बिस्तारै हटाई बीउ गानो बिस्तारै जोडिएको ठाउँबाट प्याट्ट भाँची छुट्याउन पर्छ र वीउ गानो निकाली सकेपछि पुनः बोटको चारैतिर छापो र माटो राखी मिलाउनु पर्छ ।

वुढि आमाः ए राम्रो संग वुझे वावु, अव देखि म त्यसै गरौला नि ..............

जे.टि.एः अरुपनि कुरा आमा संग धेरै गर्नु थियो अहिलेलाई फेरी अन्यत्र पनि जानु छ, हुन्छ आमा म लाग्छु वाकिँ कुरा फेरी अर्को भेटमा गरौंला, केहि समस्या परेमा हाम्रो अदुवावाली अनुसन्धान कार्यक्रममा सर्म्पक गर्नुहोला नि । अहिले जाउँ है आमा । नमस्कार ।

वुढि आमाः हुन्छ वा हुन्छ । वैलैमा वावु आईपुग्नु भयो र धेरै कुरा सिक्न पाएँ वेलावेलामा यसो आईराख्नु नि । ल त नमस्कार, हरिशरणम् ।